# सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययन : भद्रपुर नगरपालिका, झापा

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम्.एड) चौथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोध पत्र


शोधार्थी
कामना सापकोटा
स्नातकोत्तर तह चौथो सेमेष्टर
क्याम्पस दर्ता नं. : २५४
परीक्षा क्रमाङ्क : २८००३७
त्रि.वि. दर्ता नं. : ९-२-५८६-२७-२००९
भर्ना वर्ष : २०७०
क्र. सं. : ४५३



शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०७३


सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययन
४५३
कामना सापकोटा
२०७३

## सिफारिस-पत्र (Recommendation Letter)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययन : भद्रपुर नगरपालिका झापा"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा कामना सापकोटाले तयार पार्नुभएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

...................................

प्रा.डा. ध्रुबराज शिवाकोटी

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : ................................

## स्वीकृति-पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययन : भद्रपुर नगरपालिका झापा"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१) विभागीय प्रमुख ....................................

उप-प्रा. मीनराज पौडेल

२) बाह्य सुपरिवेक्षक ....................................

प्रा. मदालसा सिंह

३) शोध निर्देशक / DRC सदस्य ....................................

प्रा.डा ध्रुबराज शिवाकोटी

मिति : ..............................

# कृतज्ञताज्ञापन (ACKNOWLEDGMENT)

**"सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण एक अध्ययन : भद्रपुर नगरपापलिका, झापा"** शीर्षक भएकाले यससँग सम्बन्धित रहेर विस्तृत अध्ययन हुनुपर्ने आवश्यकता महसुस गर्दै त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र विभाग, अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर चौंथो सेमेष्टरको आंशिक आवश्यकता परिपूर्ति गर्ने प्रयोजन स्वरुप यस शोधपत्र प्रस्तुत गरेकी छु ।

अनुसन्धान एक विशिष्ट र गहन अध्ययन प्रक्रिया भएकाले यसलाई सम्पन्न गर्नका लागि विविध पक्ष एवम् क्षेत्रबाट सहयोग प्राप्त भएका छन् । सर्वप्रथम यस शोधपत्र तयार पार्ने शिलशिलामा मलाई शिर्षक चयनदेखि लिएर यसको लेखन सम्पादनको लागि आफ्नो व्यस्त समयको बाबजुद पनि निरन्तर सुझाव, सल्लाह, प्रेरणा र उत्साह दिई कुशल मार्गनिर्देशन प्रदान गर्नुहुने शोध निर्देशक श्रदेय गुरु प्रा.डा. धुव्रराज शिवाकोटीलाई हृदयबाट नै धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी शोधपत्र लेख्न सु-अवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरु उप-प्राध्यापक मीनराज पौडेलज्यूप्रति सदैव आभारी रहने छु । यस अध्ययनलाई सफल बनाउनका लागि आवश्यक प्रेरणा, उत्साह साथै हौसला प्रदान गर्नुहुने सधै मार्गदर्शकका रुपमा रहनु हुने अर्थशास्त्र शिक्षा विभागका श्रदेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, शि.स. पदमा कोइराला र आ.शि जगदिशमूर्ति कोइराला लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुजनहरु प्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अनुसन्धानका क्रममा स्थलगत अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्ने आवश्यक सहयोग गरी खुलस्त रुपमा प्रश्नहरुको उत्तर प्रस्तुत गर्नुहुने विद्यालय परिवार, विद्वान वर्गहरु, अध्ययनसँग सम्बन्धि विद्यार्थीहरु र तिनिहरुका अभिभावकहरु, शिक्षक, प्राध्यापक ज्यूहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु ।

शोधपत्र तयार गर्ने क्रममा तथ्याङ्क संकलन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने मेरा सहपाठी मित्रहरुप्रति पनि आभारी छु । विश्वविद्यालयको उपाधी हासिल गर्न सदैव साथ, माया र प्रेरणा दिनुहुने मेरा परिवारजनप्रति आभार प्रकट गर्दछु । शोधपत्र निर्माण गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामाग्रीको आदरणीय रचनाकारहरुप्रति स-धन्यवाद दिन चाहन्छु । अन्त्यमा अथक परिश्रमका साथ कम्प्युटर टाइप गरी शोध कार्यलाई पूर्णता प्रदान गरिदिनु हुने प्रकृति फोटोकपी सेन्टरप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु ।

........................

कामना सापकोटा

# सारसंक्षेप (ABSTRACT)

प्रस्तुत शोधपत्र सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर र उपलब्धिको तुलनात्मक विश्लेषण शीर्षकमा झापा जिल्ला भद्रपुर नगरपालिका अर्न्तगतका विद्यालयमा गरिएको एक अध्ययन हो । यस अध्ययनका क्रममा अध्ययन क्षेत्रका सामुदायिक तथा संस्थागत माध्यमिक तहको विद्यार्थी प्रवाहदर पत्ता लगाउनु, सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत पत्ता लगाउनु र सामुदायिक तथा संस्थागत विद्यालयको प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्ने उद्देश्य राखी अध्ययन कार्य अगाडि बढाइएको छ ।

यो शोधपत्र दुई वटा विद्यालयलाई नमूना छनौट गरी अध्ययन अनुसन्धान गरिएको छ । अध्ययनका लागि शोधकर्ता स्वयम उपस्थित भई विद्यालयको विद्यार्थी प्रवाहदरको अवस्था थाहा पाउन विद्यार्थी, अभिभावक, प्र.अ., विद्यालय परिवार, जिम्मेवार निकाय समेतलाई प्रत्यक्ष तथा अप्रत्यक्ष अर्न्तवार्ता, प्रश्नोत्तर, छलफल आदि कार्य सञ्चालन गरिएको छ । यसका लागि तथ्याङ्क संकलन कार्य गुणात्मक साथै परिमाणात्मक विधिबाट प्राथमिक र आवश्यक परेका तथ्याङ्क द्वितिय स्रोतका माध्यमबाट संकलन गरी प्राप्त तथ्याङ्कलाई आवश्यकताअनुसार तालिका र स्तम्भचित्रबाट प्रस्तुत गरी तिनको व्याख्या र विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्न छुट्टाछुट्टै प्रश्नहरु निर्माण गरी प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकलाई प्रत्यक्ष अर्न्तवार्ता लिइ तथ्याङ्क संकलन गरिएको छ । द्वितीय तथ्याङ्कहरु विभिन्न लेख, रचना, बुलेटिन, पत्रपत्रिका, न.पा., जि.वि.स.को कार्यालय, शिक्षा कार्यालय, केन्द्रिय तथ्याङ्क विभाग, अन्य प्रकाशित र अप्रकाशित तथ्याङ्कलाई साथै विद्यालयका विद्यार्थी अभिलेखबाट संकलन गरिएको छ ।

यस अध्ययनमा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थी प्रवाहदर उच्च देखिनुका साथै उपलब्धिस्तर पनि राम्रो पाइएको छ । सामुदायिक र संस्थागत विद्यालयको प्रवाहदरलाई हेर्दा शैक्षिक सत्र २०७१ र ०७२ लाई आधार मान्दा कक्षा ९ मा कुल १६२ र कक्षा १० मा १७७ जना विद्यार्थी भर्नादर देखिएको छ । त्यस्तै संस्थागत विद्यालयमा विद्यार्थी प्रवाहदर अवलोकन गर्दा शैक्षिक सत्र २०७१ - ०७२ लाई आधार मान्दा कक्षा ९ मा कुल २०८ र कक्षा १० मा कुल २१७ जना विद्यार्थी भर्नादर देखिन्छ । माथिको तथ्याङ्कबाट के

स्पष्ट हुन आउँछ भने सामुदायिक भन्दा संस्थागत विद्यालयतर्फ बालबालिकाहरु आकर्षित भएको देखिन्छ ।

त्यसैगरी विद्यार्थी उत्तीर्णदरलाई हेर्दा सामुदायिक तर्फ शै.सं. २०७१-०७२ मा कक्षा ९ मा कुल १४६ र कक्षा १० मा १४२ उत्तीर्ण भएका छन् भने संस्थागत तर्फ कक्षा ९ मा २०० र कक्षा १० मा २१३ जना उत्तीर्ण भएका छन् । यसलाई हेर्दा भर्नादर भन्दा कम विद्यार्थी सामुदायिक विद्यालयमा उत्तीर्ण भएको देखिन्छ भने संस्थागत तर्फ भर्ना भएका विद्यार्थी सामुदायिकमा भन्दा संस्थागत विद्यालयमा उत्तीर्णदर बढि रहेको पाइन्छ ।

कक्षा दाहोऱ्याउने दरलाई हेर्दा सामुदायिक भन्दा संस्थागत विद्यालयमा कम देखिन्छ र कक्षा बिचैमा छोड्ने दर पनि सामुदायिक भन्दा संस्थागत विद्यालयमा न्यून रहेको छ । जहाँ सामुदायिक विद्यालयमा शै.स. २०७१ - ०७२ मा कुल विद्यार्थी मध्येबाट कक्षा ९ मा ११ जनाले कक्षा छोडेका छन् भने कक्षा १० मा २९ जनाले कक्षा छोडेको तथ्याङ्कबाट प्राप्त हुन आउँछ । संस्थागत विद्यालय अर्न्तगत शैक्षिक सत्र २०७१ - ०७२ वर्षको तथ्याङ्कलाई हेर्दा कक्षा ९ मा कुल विद्यार्थीहरुमध्येबाट ४ जना र कक्षा १० मा २ जनाले कक्षा छोडेको देखिन्छ ।

सामुदायिक विद्यालय र संस्थागत विद्यालयको औसत विद्यार्थी प्रवाहदर हेर्दा सामुदायिकतर्फ २ वर्षको शै.स. मा कक्षा ९ मा १६२ जना विद्यार्थी भर्ना भएकामा १४६ उत्तीर्ण, ११ जनाले कक्षा छोडेका र ५ जनाले कक्षा दोहोऱ्याइएको पाइयो भने कक्षा १० मा हेर्दा १७७ जना विद्यार्थी भर्ना भएकामा १४२ जना उर्त्तीण, २९ जनाले कक्षा छोडेका र ६ जनाले कक्षा दोहोऱ्याइएको पाइयो । संस्थागत विद्यालयतर्फ शै.सं. २०७१-०७२ मा कक्षा ९ मा २०८ विद्यार्थी भर्ना भएकामा २०० जना उर्त्तीण र ४ जनाले कक्षा छोडेका, ४ जनाले कक्षा दोहोऱ्याइएको पाइयो । कक्षा १० मा २१७ जना विद्यार्थी भर्ना भएकामा २/३ जना उर्त्तीण र २ जनाले कक्षा छोडेको १ जनाले कक्षा दोहोऱ्याइएको पाइयो । यसरी हेर्दा शिक्षा क्षेत्रमा गरेको लगानी अनुरुप उपलब्धि प्राप्त नभएको कुरा सामुदायिक विद्यालयको तथ्याङ्कलाई हेर्दा प्रष्ट हुन आउँछ ।

सामुदायिक तथा संस्थागत विद्यालयको लागतलाई हेर्दा सामुदायिक तर्फ सरकारी लागत बढि देखिन्छ भने संस्थागत तर्फ अभिभावकको लागत बढी देखिएको छ जसले गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उपलब्धिस्तर पनि उच्च नै देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयको लागतलाई हेर्दा सामुदायिक विद्यालयमा शै.स. २०७१ मा कक्षा ९ मा वार्षिक खर्च रु. २००० हुने गर्दछ भने कक्षा ९ मा शै.स. २०७२ मा रु. २१५० जुन कक्षा सुरु भएपछि एकमुष्ट रुपमा सामुदायिक विद्यालयले अभिभावक तथा विद्यार्थीबाट विभिन्न शिर्षकहरुमा राखी रकम लिने गर्दछ जुन विद्यार्थीको माध्यमिक तहको वार्षिक लागत रहेको छ । त्यस्तै शै.स. २०७१ मा सामुदायिक विद्यालयको कक्षा १० मा रु.२२०० र शै.स. २०७२ मा रु.२५०० रकम विद्यार्थीले माध्यमिक तहको शिक्षा प्राप्त गर्न खर्च गरेको देखिन्छ । अध्ययन क्षेत्रको संस्थागत माध्यमिक विद्यालयमा शै.स. २०७१ मा कक्षा ९ मा प्रतिविद्यार्थी वार्षिक लागत रु.१८०० रहेको जुन सामुदायिक विद्यालयको भन्दा अत्यन्तै उच्च रहेको छ । शै.स. २०७२ मा कक्षा १० मा प्रतिविद्यार्थी वार्षिक लागत रु.१८८०० रहेको छ र समग्रमा भन्दा सामुदायिक मा.वि. तहमा सरकारी अनुदान प्राप्त हुनाले अभिभावकको लागत कम रहेको पाउन सकिन्छ जहाँ प्रतिविद्यार्थी वार्षिक औसत लागत कक्षा ९ मा रु.२०७५ र कक्षा १० मा रु.२३५० रहेको छ । संस्थागत विद्यालय नाफामा प्रेरित हुने हुदा सम्पुर्ण आम्दानीको स्रोत नै अभिभावक रहेका छन् जसले यहाँको विद्यार्थी वार्षिक लागत पनि बढिरहेको छ । संस्थागत विद्यालयको कक्षा ९ मा रु.१८४०० र कक्षा १० मा रु.२०४७५ औसत लागत रहेको छ ।

सामुदायिक तथा संस्थागत माध्यमिक तहमा लगानी र उपलब्धिलाई हेर्दा के अनुमान लगाउन सकिन्छ भने शैक्षिक उपलब्धि बढाउनका लागि लगानी बढाए अनुरुप व्यवस्थापकीय कुरामा पनि ध्यान दिनुपर्ने देखिन्छ । सुधारित शिक्षा प्रणाली, विद्यालयमा कडा अनुशासन बालमैत्री शिक्षा पद्धति, तालिमको पुर्नताजगी, शिक्षकको पेशागत क्षमताको विकास तथा कदर, स्वच्छ शैक्षिक वातावरण साथै भौतिक तथा शैक्षिक व्यवस्थापन पनि उच्च शैक्षिक उपलब्धी प्राप्त गर्ने माध्यमको रुपमा रहेको पाइन्छ ।

अन्त्यमा यस अध्ययनबाट प्राप्त नतिजाको आधारमा बालबालिकाको कक्षा बालमैत्री हुनुपर्ने, शिक्षक प्राध्यापकहरुलाई तालिमको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, विद्यालयको भौतिक सुधार, सरोकारवालाहरुलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने सुझावहरु, विद्यालयमा विद्यार्थी प्रवाहदर बढाउने रणनीतिहरु कार्यान्वयन र नीतिसँग सम्बन्धित सुझाव, प्रयोगात्मक र आगामी अध्ययनका लागि आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषयसूची (CONTENTS)


| | पृष्ठ |
|---|---|
| **सिफारिस पत्र (RECOMMENDATION LETTER)** | **i** |
| **स्वीकृति पत्र (APPROVAL LETTER)** | **ii** |
| **कृतज्ञताज्ञापन (ACKNOWLEDGEMENT)** | **iii** |
| **सारसंक्षेप (ABSTRACT)** | **iv** |
| **विषय सूची (TABLE OF CONTENTS)** | **vii** |
| **तालिका सूची (LIST OF TABLE)** | **xii** |
| **संक्षिप्त शब्दावली (ABBREVIATION)** | **xiv** |
| **अध्याय एक (CHAPTER ONE)** | |
| **१. परिचय (INTRODUCTION)** | **१-११** |
| १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study) | १ |
| १.२ समस्याको कथन (Statement of the Problems) | ५ |
| १.३ अध्ययनको महत्व (Significance of the Study) | ७ |
| १.४ अध्ययनको उद्देश्य (Objectives of the Study) | ८ |
| १.५ अनुसन्धान प्रश्न (Research Question) | ९ |
| १.६ अध्ययनका परिसीमा (Delimitation of the Study) | ९ |
| १.७ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key Terms) | १० |
| १.८ अध्ययनको संगठन (Organization of the Study) | ११ |
| **अध्याय दुई (CHAPTER TWO)** | |
| **२. सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा (REVIEW OF RELATED LITERATURE AND THEORETICAL FRAMEWORK)** | **१२-२२** |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) | १२ |
| २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Related Literature) | १६ |
| २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Research) | १९ |
| २.४ अनुसन्धान अन्तर (Research Gap) | २० |
| २.५ अवधारणात्मक ढाँचा (Conceptual Framework) | २१ |

२.६ कार्यात्मक ढाँचा (Functional Framework) २२

**अध्याय तीन (CHAPTER THREE)**

**३. विधि र प्रक्रिया (METHOD AND PROCEDURES) २३-२७**

३.१ अनुसन्धान ढाँचा (Research Design) २३

३.२ तथ्याङ्कको स्रोत (Sources of Data) २२

३.२.१ प्राथमिक स्रोत (Primary Sources) २२

३.२.२ द्वितीय स्रोत (Secondary Sources) २२

३.३ जनसङ्ख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २४

३.३.१ जनसङ्ख्या (Population) २४

३.३.२ नमुना आकार (Sample Size) २४

३.३.३ नमुना छनौट रणनीति (Sampling Strategy) २४

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २५

३.५ तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection) २५

३.५.१ प्रश्नावली (Questionnaire) २५

३.५.२ अवलोकन सूची (Observation List) २६

३.५.३ छलफल निर्देशिका (Discussion Gride) २६

३.६ तथ्याङ्क संलकन प्रविधि (Techniques of Data Collection) २६

३.६.१ अर्न्तवार्ता (Interview) २६

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation) २६

३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion) २७

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure) २७

३.८ नीतिगत प्रावधान (Ethical Consideration) २७

**अध्याय चार CHAPTER FOUR**

**४. तथ्यांकको व्याख्या तथा विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA) २८-६३**

४.१ झापा जिल्लाको परिचय (Introduction to Jhapa District) २८

४.१.१ भौगोलिक अवस्था (Geographical Situation) २९

४.१.२ शैक्षिक अवस्था ( Educational Situation) ३०

४.१.३ राजनैतिक अवस्था (Political Situation) ३१

४.१.४ आर्थिक अवस्था ( Economic Situation) ३३

४.१.५ धार्मिक अवस्था (Religion Situation) ३४

४.१.६ हावापानीको अवस्था (Situation Of Climate) ३४

४.१.७ जनसाङ्ख्यिकिय अवस्था (Demographical Situation) ३५

४.२ भद्रपुर नगरपालिकाको परिचय (Introduction to Bhadrapur Municipality) ३५

४.२.१ भौगोलिक स्थिति (Geographical Situation) ३६

४.२.२ शैक्षिक अवस्था (Educational Situation) ३६

४.२.३ आर्थिक अवस्था (Economic Situation) ३७

४.२.४ स्वास्थ्य अवस्था (Health Situation) ३७

४.२.५ यातायात तथा सञ्चार (Transpotation and Communication) ३८

४.२.७ हावापानीको अवस्था (Situation of Climate) ३८

४.३ अभिभावकको आर्थिक तथा शैक्षिक अवस्था (Economic and Educational Condition of Parents) ३८

४.३.१ अभिभावकको आय विवरण (Income Condition of Parents) ३९

४.३.२ अभिभावकको शैक्षिक स्थिति (Educational Condition of Parents) ३९

४.४ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी प्रवाहदर (Student's Flow rate of Community and Institutional Secondary School) ४०

४.४.१ विद्यालयको विद्यार्थी भर्नादर, उत्तीर्णदर, विचैमा कक्षा छोड्ने दर र कक्षा दोहोऱ्याउने दर (Students Enrolment Rate / Promotion Rate Dropout Rate and Retention Rate in Schools. ४०

४.४.२ विद्यार्थी भर्नादर (Students Enrolment Rate) ४०

४.४.३ विद्यार्थीको उत्तीर्णदर (Students Promotion Rate) ४३

४.४.४ विद्यार्थीको कक्षा दोहोऱ्याउने दर (Student's Dropout Rate) ४५

४.४.५ विद्यार्थीको कक्षा छोड्नेदर (Student's Retentation Rate ) ४७

४.४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको औसत विद्यार्थी प्रवाहदर (Student's Flow Rate in Secondary Level of Community and Institutional Schools) ५०

४.५ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागत (Per Unit Student Cost in Community and Institutional Secondary School) ५२

४.५.१ सामुदायिक तथा संस्थागत माध्यमिक तहको प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost in Community and Institutional School) ५२

४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Analysis of Cost and Educational Achievement between Community and Institutional Secondary School) ५४

४.६.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी लागतको विश्लेषण (Analysis Per Student Cost of Community and Institutional Secondary School) ५५

४.६.२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको औषत शैक्षिक उपलब्धिको विश्लेषण (Analysis of Average Educational Achievement of Community & Institutional Secondary School) ५६

४.६.३ सामुदायिक तथा संस्थागत मा.वि. का प्रति एकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost and Educational Achievement between to Community and Institutional Secondary School) ५८

४.७ सारांश (Summary) ६०

**अध्याय पाँच (CHAPTER FIVE)**

**५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATION) ६४-७०**

५.१ निष्कर्ष (Conclusion) ६४

५.२ सुझावहरु (Recommendation) ६७

५.२.१ नीतिसँग सम्बन्धित सुझावहरु (Policy Related Recommendation) ६७

५.२.२ प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendation) ६९
५.२.३ आगामी अनुसन्धानसँग सम्बन्धित सुझावहरु (Further Research Related Recommendation) ७०
**सन्दर्भ सामग्री (References)**
**अनुसूची (Appendices)**

# तालिका सूची (LIST OF TABLE)


तालिका ४.१ : भू उपयोगको अवस्था - २०७२ ३०

तालिका ४.२ : झापा जिल्लाको समग्र शैक्षिक झलक - २०७२ ३१

तालिका ४.३ : झापा जिल्लाको राजनैतिक अवस्था २०७२ ३२

तालिका ४.४ : झापा जिल्लाको आर्थिक अवस्था २०७२ ३३

तालिका ४.५ : झापा जिल्लाको धार्मिक अवस्था २०७२ ३४

तालिका ४.६ : भद्रपुर नगरपालिकाको शैक्षिक अवस्था -२०७२ ३७

तालिका ४.७ : अभिभावकको आय विवरण ३९

तालिका ४.८ : नमुना छनौटमा परेका बालबालिकाका अभिभावकको शैक्षिक स्थिति २०७१-२०७२ ४०

तालिका ४.९ : सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी भर्नादर २०७१ - ०७२ ४१

तालिका ४.१० : संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी भर्नादर २०७१ - ०७२ ४२

तालिका ४.११ : नमुना विद्यालयका विद्यार्थीको उत्तीर्ण दर ४३

तालिका ४.१२ : संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्णदर २०७१-०७२ ४४

तालिका ४.१३ : सामुदायिक विद्यालयका विद्यार्थीको कक्षा दोहोऱ्याउने दर २०७१- ०७२ ४५

तालिका ४.१४ : संस्थागत विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या २०७१-०७२ ४६

तालिका ४.१५ : सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थीको विचैमा कक्षा छोड्नेदर २०७१ - ०७२ ४८

तालिका ४.१६ : संस्थागत माध्यमिक विद्यालयको विद्यार्थीको विचैमा कक्षा छोड्नेदर २०७१ - ०७२ ४९

तालिका ४.१७ : सामुदायिक माध्यमिक विद्यालयको औसत विद्यार्थी प्रवाहदर २०७१ - ०७२ ५०

तालिका ४.१८ : संस्थागत विद्यालयको औसत विद्यार्थी प्रवाहदर २०७१ - ०७२ ५१

तालिका ४.१९ : सामुदायिक तथा संस्थागत मा.वि. तहको प्रति एकाई विद्यार्थी औसत लागत शै.स २०७१ - ०७२ ५३

तालिका ४.२० : सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको प्रति एकाई विद्यार्थी लागतको विश्लेषण, शै.स २०७१ - २०७२ ५५

तालिका ४.२१ : सामुदायिक तथा  संस्थागत मा.वि.तहको औसत शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण शै.स. २०७१ - ०७२ ५७
तालिका ४.२२ : सामुदायिक तथा संस्थागत मा.वि. का प्रति एकाई विद्यार्थी लागत तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण शै.स २०७०/०७१-२०७१/०७२ ५९

## चित्रसूची (LIST OF FIGURE)

स्तम्भचित्र १ सामुदायिक तथा संस्थागत मा.वि. तहको प्रति एकाई विद्यार्थी औसत लागत शै.स २०७१ - ०७२ ५३

## संक्षिप्त शब्दावली (ABBREVIATION)

| | | |
|---|---|---|
| **प्रा.वि.** | = | प्राथमिक विद्यालय |
| **मा.वि.** | = | माध्यमिक विद्यालय |
| **न.पा.** | = | नगरपालिका |
| **प्र.अ.** | = | प्रधानाध्यापक |
| **शै.स.** | = | शैक्षिक सत्र |
| **आ.व.** | = | आर्थिक वर्ष |
| **%** | = | प्रतिशत |
| **वि.व्य.स.** | = | विद्यालय व्यवस्थापन समिति |
| **जि.शि.का** | = | जिल्ला शिक्षा कार्यालय |
| **शै.स** | = | शैक्षिक सत्र |
| **जि.वि.स.** | = | जिल्ला विकास समिति |
| **वि.सं.** | = | विद्यार्थी सङ्ख्या |
| **गा.वि.स.** | = | गाउँविकास समिति |
| **बा.स.** | = | बालबालिका सङ्ख्या |
| **क्र.सं.** | = | क्रम सङ्ख्या |
| **आ.व.** | = | आर्थिक वर्ष |
| **रा.यो.आ.** | = | राष्ट्रिय योजना आयोग |